# सिद्धिचरण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

**रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति:२०७८।१०।२५)**

**१.यस कार्यालयको लागि देहाय बमोजिमको पद करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता तथा अनुभव पूरा भएका इच्छुक नेपाली नागरिकहरुबाट तपसिलमा उल्लेख भए अनुसारका कागजातहरु सहित सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा दरखास्त दिन आव्हान गरिन्छ ।**

| विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|
| ६/०७८/०७९ | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौं तह सरह | १ (एक) |

**२.आवश्यक न्यूनतम योग्यता र अनुभव:**

१. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण भएको ।

२. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तिमा तीन महिनाको तालीम हासिल गरेको ।

**३. उमेर:** दरखास्त दिने अन्तिम मितिसम्ममा १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको

**४. दरखास्त दिने स्थान:** सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय ओखलढुङ्गा ।

**५. दरखास्त दिने अन्तिम मिति:** २०७८।११।१० गते (कार्यालय समयभित्र)

**६. दरखास्त दस्तुर:** रु. ५००।- (अक्षेरुपी रु. पाँच सय मात्र ।)

**७. छनौटको किसिम:** प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन, लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।

**८. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु:** नेपाली नागरिकता, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरु, तालीमको प्रमाणपत्र र अनुभव खुल्ने कागजातहरुको प्रतिलिपिहरु, २ प्रति पासपोर्ट साइजको फोटो । (कागजातहरुको प्रतिलिपि दरखास्तवाला स्वयंले प्रमाणित गरेको हुनुपर्नेछ)

**९. सेवा सुविधा तथा अन्य:** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम ।

१०. उक्त पदको दरखास्त फाराम यस कार्यालयको website: www.siddhicharanmun.gov.np बाट तथा यस कार्यालयमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

११. रोजगार सहायकको पाठ्यक्रम र कार्यबिवरण स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ बमोजिम हुनेछ । उक्त मापदण्ड यस कार्यालयको website: www.siddhicharanmun.gov.np तथा कार्यक्रमको website: www.pmep.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

१२.दरखास्त दस्तुर वापतको रकम यस कार्यालयको रा.वा.बैंक ओखलढुङ्गा शाखाको हि.नं. २०७०१००३०१०१०००३ मा जम्मा गरिएको सक्कल भौचर वा कार्यालयको राजश्व शाखामा नगद बुझाएको सक्कल रसिद पेश गर्नु पर्नेछ ।

थप जानकारीका लागि मोवाइल नं. ९८६२८०५०७५ मा सम्पर्क गर्न सकिने छ ।

२०७८।१०।२५

............................

नरेन्द्रराज राई

निमित्त प्रमुख प्रशासकीय अधिकृत